# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, चैत्र २ गते, २०८२ साल (अतिरिक्ताङ्क ३८


## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

### कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (दोस्रो संशोधन) नियमावली, २०८२

कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायको नियमावली बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यी नियमहरूको नाम नाम **"कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (दोस्रो संशोधन) नियमावली, २०८२"** रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. <u>**कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ को नियम ११ मा संशोधनः**</u> कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को;

(१) उपनियम (३) को खण्ड (क) भन्दा माथि रहेका वाक्यांशहरूको सट्टा देहायको वाक्यांशहरू राखिएको छः-

"(३) 'ऐनको दफा १३ को उपदफा (२) बमोजिमको अवधि भित्र फर्म नवीकरण गराउन नसकेको फर्मले फर्म नवीकरण गराउन नसकेको मुनासिव कारण देखाई नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मुनासिव देखिएमा सम्बन्धित निकायले तीन वर्षको लागि ऐनको अनुसूची-१ बमोजिमको नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर समेत लिई फर्म नवीकरण गर्नुपर्नेछ।"

(२) उपनियम (३) मा रहेको खण्ड (ग) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर फर्म दर्ता भएको बाह्र वर्षसम्म नवीकरण नभएका फर्मको हकमा एक पटकको लागि प्रत्येक वर्षको लागि ऐनको अनुसूची-१

मा तोकिएको नवीकरण दस्तुरको दोब्बर दस्तुरले हुन आउने रकम।"

३. **<u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ खारेज गरिएको छ।

४. **<u>मूल नियमावलीको नियम २४ मा संशोधनः</u>** मूल नियमावलीको नियम २४ को;

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित निकायले त्यस्तो फर्मलाई अघिल्लो आर्थिक वर्षसम्मको कर तिरेको प्रमाण पेस गर्न लगाई त्यस्तो फर्मले यस ऐन तथा नियमावली बमोजिमको दस्तुर तिर्न बुझाउन बाँकी भएमा देहायको दस्तुर लिई फर्म खारेज गर्नु पर्नेछ।

(क) दर्ता भएको मितिले तीन वर्षभित्र खारेज गर्न निवेदन दिएमा निवेदन दस्तुर लिने,

(ख) दर्ता वा नवीकरणको मितिले तीन देखि बाह्र वर्षसम्मको अवधि समाप्त भएका फर्म खारेज गर्न निवेदन दिएमा नियम ११ को उपनियम (३) बमोजिमको नवीकरण दस्तुर र थप दस्तुर समेत लिने,

(ग) खण्ड (ख) मा उल्लेखित अवधि भन्दा बढी अवधि नवीकरण नभएका फर्म खारेज गर्न निवेदन दिएमा नियम ११ को उपनियम (३) बमोजिम तोकिएको नवीकरण दस्तुर लिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(घ) प्रदेश कानून अनुसार तोकिएको कर, शुल्क, दस्तुर तथा सोमा लाग्ने ब्याज वा जरिबाना तिर्न बुझाउन बाँकी भएमा सो समेत असूल गर्ने।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४), (५) र (६) थप गरिएको छः-

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको मितिले तीन वर्ष अगावै फर्म खारेज गर्नुपर्ने मनासिब कारण खुलाई स्थानीय तहको सिफारिस सहित उपनियम (१) बमोजिम दरखास्त दिएमा निवेदन दस्तुर लिई खारेज गर्न सकिनेछ।"

"(५) सम्बन्धित निकायले ऐनको दफा १३ र नियम ११ को उपनियम (३) बमोजिमको अवधिमा नवीकरण नभएका फर्महरूको वार्षिक रुपमा विवरण तयार गर्नु पर्नेछ र त्यस्ता फर्मलाई यस नियमावली बमोजिम नवीकरण गर्न वा खारेजीका लागि निवेदन दिन सम्बन्धित निकायले कम्तीमा दुई पटक लिखित रुपमा सूचना तथा जानकारी गराउनु पर्नेछ।"

"(६) उपनियम (३) बमोजिम खारेजीका लागि निवेदन पेस नगरेका फर्मलाई ३५ दिने सार्वजनिक सूचना जारी गरी उपनियम (१) बमोजिमको कागजात र उपनियम (२) बमोजिमको दस्तुर दाखिला गर्न लगाई सम्बन्धित निकायले फर्म खारेज गर्न सक्नेछ।“

स्वीकृत मितिः- २०८२/१२/०२

आज्ञाले,
डा.पशुपति ढुंगाना
प्रदेश सचिव